# शीतलहर आपतकालीन कार्य योजना २०७९

## झापा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
झापा

जिल्ला विपद् व्यवस्थापन समिति,झापा

नेपाल रेडकस सोसाईटी,झापा

सहायक प्रमुख जिल्ला अधिकारी

अध्यावधिक

# शीतलहर आपतकालीन कार्य योजना, २०७९

## १ पृष्ठभुमी :

नेपाल प्राकृतिक रुपमानै हिमाल, पहाड तथा तराई गरी तीन भागमा बिभाजित रहेको देश हो । समय अनुसार स्थान बिशेष निरन्तर दोहोरिरहने बहु-प्रकोपका घटनाहरुबाट उत्पन्न विपद्को अत्यधिक जोखिममा रहेको मुलुकपनि हो । यस्ता विपद्हरु सामान्यतया ब्राढी, पहिरो, चट्याङ्ग, आगलागी, सडक दुर्घटना तथा महामारी जस्ता प्राकृतिकतथा गैरप्राकृतिक प्रकोपहरुमध्ये बिशेष गरी तराई क्षेत्रमा हुने शीतलहर पनि एक प्रमुख विपद्को रुपमाआउनेगर्दछ ।

जाडो तथा शीतलहरले प्रत्येक वर्ष हजारौ मानिसहरुलाई प्रभावित गर्दछ। धुलोको कणहरु सहित जाडोको तरंगले हावालाई चिसो पर्दछ । हाम्रो पछिल्लो अनुभवका अनुसार विशेषगरि जाडो पुष महिना देखि मध्य माघ महिना सम्म हुनेगरेको पाइन्छ । जमिन सतहवाट २०० देखि ४०० मिटरसम्म ढुसी तथा तुवालोले ढाक्दछ । सो कारण विहानमा कम दृष्यता रहन्छ र तापकम न्यूनहुदैं जान्छ । तापक्रम १० देखि १५ डिग्री सेल्सियस सम्म कमहुदै जादा धेरै जसो मानिसहरु हाइपोथर्मीयाका कारण मृत्यु वरण गर्न पुग्दछन ।(Source: Meteorological Forecasting Division)

जाडो यामको समयमा खास गरी तराईका जिल्लाहरुमाचिसो तथा शितलहरबाट मानिसहरुको असावधानीका कारणवाट हरेक वर्ष स्वास प्रस्वास, रुघाखोकी, निमोनियाजस्ता स्वास्थ्य सम्बन्धी समस्याबाट धेरै मानिसहरु विरामी पर्ने र केहीव्यक्तिको मृत्यु समेत हुने गरेको छ । पशुपन्छी, अन्नबालीमा समेत प्रतिकुलप्रभाव परी धेरै मात्रामा नोक्सानहुने गरेको छ। यस वर्ष पनि जाडोयामको समय शुरुभइसकेको छ । झापा जिल्लामा विगतवर्षमा जस्तै मौसमको प्रतिकुलता र बातावरणमा आउने परिवर्तनबाट शीतलहर सुरु हुन सक्दछ। यसवाट विशेष गरी बालबालिका, जेष्ठनागरीक, सुत्केरी, गर्भवती महिलाहरुलाई प्रत्यक्ष प्रभाव पर्न सक्ने हुँदाउक्त जोखिमलाई न्यूनिकरण गर्न, आवश्यश्रोत साधनको पूर्वप्रवन्ध गर्न, सचेतना अभिवृद्धि गर्न, शीतलहर प्रभावित परिवारलाई पुऱ्याउने उद्धार तथा राहतको कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउनका लागि यो आकस्मिक कार्ययोजना जिल्ला विपद् व्यवस्थापन समितिले नेपाल रेडक्स सोसाईटी झापाको समन्वयमा तयार गरिएको छ ।

## २. योजनाका साधारण उद्देश्यः

- ➢ शीतलहरबाट हुन सक्ने क्षतिलाई न्यूनिकारण गरि सिमीतश्रोत र साधनको अधिकतम उपयोग गरी जिल्लाविपद् व्यवस्थापन समितिवाट गरिने प्रतिकार्य शीघ्र, उपयुक्त र प्रभावकारी बनाउने ।
- ➢ विपद्को समयमा प्रभावकारी ढङ्गले प्रतिकार्यमा सहभागी हुनकालागि पद्धती, संरचनाहरु बनाउने तथा उपयुक्त तयारी गर्ने ।
- ➢ श्रोत तथा क्षमतामा कमी तथा संरचनाहरुमा क्षति हुँदापनि प्रभावकारी प्रतिकार्यमा जिल्ला विपद् व्यवस्थापन समिति,स्थानीय तहहरु सवै एक जुट भएर विपद् प्रतिकार्यमा सम्लग्नहुने ।
- ➢ आपत्कालीन प्रतिकार्यका लागि प्रभावकारी प्रवेश, परिचालन, जिल्ला विपद् व्यवस्थापन समिति,स्थानीयतहमा गठित स्थानीय विपद् व्यवस्थापन समिति लगायत सबै तहका संरचनाहरुको प्रयोग सुनिश्चित गर्नका लागि प्रकृयाहरु स्थापित गरिने ।


जिल्ला प्रशासन कार्यालय झापा

प्रमुख जिल्ला अधिकारी

## ३ प्रस्तावना:

यस दस्तावेजले जिल्ला विपद् व्यवस्थापन समिति,स्थानीयतहले ठूलो विपद्को समयमा पुरा गर्नुपर्ने कार्यहरुको व्यावहारिक चित्रप्रदान गर्ने प्रयास गरेको छ। यो एउटा साधारण योजना हो, जुन शीतलहरको समयमा प्रयोग गर्न सकिन्छ। तथा यो निश्चित अवस्थालाई मध्यनजर गरी तयार गरिएको छ। यस योजनामा प्रतिकार्य योजना पूरा गर्नका लागि अपनाइने चरणहरुको विस्तृत रुपमा व्याख्या गरिएको छ।

**झापा जिल्लाको नक्सा**




## ४.जिल्लामा शीतलहरका घटनाहरु :

तराईका जिल्लाहरूमा हिउँदको महिना मंसिरदेखि माघ/फाल्गुनसम्म बाक्लो हुस्सु लाग्ने र अत्याधिकचिसो हुने गर्दछ । चिसोबाट केटाकेटी, बृद्धबृद्धा र गरीब परिवार शीतलहरको उच्च जोखिममा रहेका छन। झापाजिल्लामाविगतलामो समय देखि जाडो याममा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी तथा अन्य गैरसरकारी सस्थाहरुले जाडो यामामा वढी प्रभावित तथा चोक चोकमा आगो वाल्नकालागि दाउरा सहयोग गदै आएको छ। जोखिममा रहेका व्यक्तिहरुलाई न्यानो कपडा तथा कम्मल वितरण गर्ने गरिएको छ। यस वर्ष पनि बिगतकाबर्ष जस्तै अति जोखिममा रहेका घर परिवारलाई शितलहर तथा जाडोबाट बचाउन दाउरा तथा कम्मल वितरण गर्ने लक्ष्य राखिएको छ।

## ५.शीतलहरवाट प्रभावित हुनसक्ने क्षेत्रहरु :

झापाजिल्लाको शीतलहरबाट प्रभावित हुनसक्ने क्षेत्रहरु : झापा गाउँपालिका, गौरीगंज गाउँपालिका, कचनकवल गाउँपालिका, भद्रपुर नगरपालिका, शिवसताक्षी नगरपालिका, मेचीनगर नगरपालिका, कमल गाउँपालिका, बाह्रदशी गाउँपालिका, कनकाई नगरपालिका क्रमश बढी प्रभावित देखि न्यूनप्रभावित क्षेत्र अनुसार राखिएको छ। प्रस्तुत तथ्याङ्क विषेश गरी बालबालिका, जेष्ठनागरिक, सुत्केरी, गर्भवती र २०७९ सालको मनसुनी वर्षा तथा वाढीबाट प्रभावित परिवार र गरिवीको रेखामुनि रहको आदिबासी सन्थाल,राजवंशी मुस्लिम जातिको धना बस्तीको आधारमा घरपरिवार रहेको छ।

| क.स. | प्रभावितहुन सक्ने | | | संभावित प्रभाव स्तरिकरण |
|---|---|---|---|---|
| | गा.पा. ⁄ न.पा. | प्रभावितहुन सक्ने परिवार(अनुमानित) | कुल संख्या(अनुमानित) | |
| १ | झापा गाउँपालिका | ६४० | २८८० | क |
| २ | गौरीगंज गाउँपालिका | ३०५ | १३७३ | क |
| ३ | कचनकवल गाउँपालिका | ३४० | १५३० | क |
| ४ | बाह्रदशी गाउँपालिका | ३५० | १५७५ | क |
| ५ | शिवसताक्षि नगरपालिका | २५५ | ११४८ | क |
| ६ | कनकाई नगरपालिका | २३५ | १०५८ | क |
| ७ | कमल गाउँपालिका | २२५ | १०१३ | ख |
| ८ | भद्रपुर नगरपालिका | १८० | ८१० | ख |
| ९ | गौरादह नगरपालिका | १५० | ६७५ | ख |
| १० | मेचीनगर नगरपालिका | १४५ | ६५३ | ख |
| ११ | दमक नगरपालिका | ११० | ४९५ | ग |
| १२ | विर्तामोड नगरपालिका | १०० | ४५० | ग |
| १३ | बुद्धशान्ति गाउँपालिका | ८० | ३६० | ग |
| १४ | हल्दिबारी गाउँपालिका | ९५ | ४२८ | ग |
| १५ | अर्जुनधारा नगरपालिका | ७५ | ३३७ | ग |
| | जम्मा | ३२८५ | १४,७८२ | |

सहायक प्रमुख जिल्ला अधिकारी

## ६ पहुचँ :

झापा जिल्लामा बिगतका दिनका अनुभवहरुलाई केलाउदा शीतलहरको समयमा एक ठाउँ देखि अर्को स्थान सम्म जादा खासै कठिन हुने गरेको पाइएको छैन ।

- ➢ शीतलहरुको समयमा जिल्लाका सवै जसो स्थानहरुमा बाक्लो हुस्सु तथा शीतलहरका कारण भिजिविलिटि कमि भई सडक दुर्घटना हुदाँ यातायातको साधान प्रयोग गर्दा त्रासको महसुस गर्ने ।
- ➢ अत्याधिक चिसोको कारण घर देखि वाहिर निस्कन नसक्ने ।

## ७. बिपद् परिदृश्य तथा योजना अवधारणाहरुः

विभिन्न प्रकारका प्रकोपबाट उत्पन्नहुने विपद्बाट प्रभावित जिल्लाको सूचीमा झापापनि रहेको छ । जिल्लामा हरेक वर्ष बाढी, कटान डुवान, आगलागी, शीतलहर, हावाहुरी,हात्ति आक्रमण र सडक दुर्घटनाजन्य विपद्का कारण जनधनको क्षतिहुने गरेको छ । जिल्लाविपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ मा प्रयोग स्तरीकरण गर्दा अन्य विपद्को तुलनामा न्यून प्रत्यक्ष अशर नरहेपनि अप्रत्यक्ष रुपमा स्वास्थ्य समस्या निम्ताउने प्रमुख विपदको रुपमा रहेको छ । त्यसैले जिल्लामा विपद्को सामना गर्ने क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम र योजना मध्ये आपत्कालीन समयमा मानवजीवनको रक्षा र महत्वपूर्ण सम्पत्तिको संरक्षण गर्ने उद्देश्यकालागि जिल्ला विपद् व्यवस्थापन समिति,झापाले शीतलहर आकाश्मिक योजना(Cold Wave Contingency Plan) तयार गरि जिल्लाको महत्वपूर्ण दस्तावेजको रुपमा स्वामित्व ग्रहण गरेको छ ।

विपद्को समयमा विपद् प्रभावितको जीवन र बहुमूल्य सम्पत्तिको संरक्षण तथा सुरक्षा गरी मानिस माथि पर्ने प्रतिकूलप्रभावको सामना गर्न झापाजिल्लाको साधन स्रोतको अधिकतम उपयोग गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्ततरिकाले मानवीय सहयोग उपलब्ध गराउनु तथाविपद् जोखिमन्यूनीकरणका कार्यलाई संस्थागत रूपमा प्रबर्द्धन गर्नु यस योजनाको मूल उद्देश्य रहेको छ ।

## ८. समन्वय तथा जिम्मेवारी :

- ➢ जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनामाउल्लेख भएवमोजिमका क्षेत्रगत क्षेत्रका सवैले कार्ययोजनातयार पारी शितलहरको पुर्वतयारी तथा प्रतिकार्यमा तयार रहने ।
- ➢ शीतलहर प्रभावितहरूलाई विना भेदभाव राहतउपलव्ध गराउने र सो क्रममाविशेष गरी बालबालिका,जेष्ठनागरिक,अपाङ्गता,सुत्केरी तथा गर्भवती महिलाभएका व्यक्तिलाई प्राथमिकता दिएर उद्धार गरी जीवन बचाउनु ।
- ➢ शीतलहरको प्रभावबाट सुरक्षीत राख्ने उपायहरुको सम्वन्धिमा स्थानीयविपद् व्यवस्थापन सम्बन्धीकार्य गर्ने सवै सरकारी तथा गैरसरकारी संघ सस्थाहरु समेतलाई जोखिमन्यूनिकारण गर्नको लागी अनुरोध गर्ने ।
- ➢ विपद्को समयमा संधिय सरकार,प्रदेश सरकार, स्थानीय तह,दातृ निकाय, सबै क्षेत्र, सहयोगी संस्था तथा नागरिक समाज विच समन्वय कायम गर्नु ।
- ➢ नियमित रूपमाअनुगमन गरी सबै विषयगत क्षेत्रहरूलाई परिचालन गर्नु र पृष्ठपोषण दिनु ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय झापा

प्रमुख जिल्ला अधिकारी

- शितलहरबाट प्रभावितहुन सक्ने क्षेत्र,गाउँ,टोल, परिवारहरुको पहिचान गरी राहततथा उद्धारको लागिअगुवा सहयोगी संस्थाको समन्वयमा सवै सरोकारवालानिकायहरुलाई विशेष गरेर दाउरा, कम्बल, न्यानो कपडा जस्ता सामाग्रीहरुको पूर्व प्रवन्ध गरी तयारी अवस्थामा रहन राख्ने र राख्नलगाउने ।
- जाडोयाममाहुन सक्ने स्वास्थ्य सम्बन्धी समस्यालाई न्यूनिकरण गर्न जनचेतना मूलक कार्यक्रम तत्काल संचालन गर्ने र स्वास्थ्यकर्मी तथाऔषधीहरु तयारी अवस्थामा राखे व्यवस्थामिलाउने ।
- शितलहरबाट सुरक्षित रहनकालागितपसिलबमोजिमका सचेतनात्मक सन्देशमूलक सूचनाएवम् जानकारी स्थानीय संचार माध्यममार्फत स्थानीयभाषामा समेत उक्त सन्देशमुलक सामाग्रीहरु प्रशारण गर्न स्थानीय संचार माध्यमतथा स्थानीय गैरसरकारी निकायवाट प्रचार प्रसार गर्ने व्यवस्थामिलाउने ।

## ९.पूर्वतयारी प्राथमिकताः

- विपद्संग सम्बन्धीत सरोकारवालानिकायहरुसंग समन्वय बैठक गर्ने,
- जिल्ला भित्रका सबै स्थानीयतहका विपद् व्यवस्थापन समितिहरुलाई जनचेतना मुलककार्य गर्न लगाउने,
- जिल्ला भित्रका सबै स्थानीयतहका विपद् व्यवस्थापन समितिहरुमा शीतलहर पूर्वतयारी कार्यशाला संचालन गर्न लगाउने,
- विपद् पूर्वतयारी सम्बन्धी अभिमुखीकरण गर्ने,
- स्थानीयतहका संकटासन्न क्षेत्रको नक्सांकन गर्ने,
- विषयगत समितिहरुको नियमित बैठक गर्ने,
- जिल्लामा थप ३००० न्यानो कपडासेट व्यवस्थापनकालागि सरोकारवाला निकायमापहल गर्ने,
- सवै स्थानीयतह तथा सोरोकारवाला निकाय संग समन्वय गरि आवश्यक पर्ने दाउरा पहिले नै जोहो गरी राख्ने,
- स्थानीय एफ.एम हरुवाट जनचेतनामुलक सामाग्रीहरु प्रसारण गर्ने ।

## १०.जनशक्ति परिचालन हुने क्षमता :

| क.स | निकाय | स्यमसेवक | स्वास्थ्यकर्मी | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्लाप्रहरी कार्यलय | | | |
| २ | शसस्त्रप्रहरी बल नेपाल | | | |
| ३ | नेपाली सेना | | | |
| ४ | मेचीनगर नगरपालिका | १०० | २५ | |
| ५ | बुद्धशान्ति गाउँपालिका | ५० | १५ | |
| ६ | भद्रपुर नगरपालिका | ७५ | १० | |
| ७ | अर्जुनधारा नगरपालिका | १२१ | ४५ | |
| ८ | विर्तामोड नगरपालिका | १०० | २५ | |
| ९ | हल्दिबारी गाउँपालिका | ५० | १५ | |
| १० | केचनकवल गाउँपालिका | १०० | १५ | |
| ११ | कनकाई नगरपालिका | १०० | १५ | |

जिल्ला प्रशासन कार्यालय झापा

सहायक प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| १२ | बाह्रदशि गाउँपालिका | ५० | २२ | |
| १३ | झापा गाउँपालिका | ५० | १५ | |
| १४ | शिवसताक्षी नगरपालिका | १०० | २५ | |
| १५ | गौरीगंज गाउँपालिका | ५० | १५ | |
| १६ | कमलगाउँपालिका | ५० | १५ | |
| १७ | दमक नगरपालिका | १०० | २५ | |
| १८ | गौरादह नगरपालिका | ५० | १५ | |
| १९ | नेपाल रेडक्रस सोसाईटी शाखा र उपशाखाहरु | १३५ | – | |
| २० | अन्य गैर सरकारी संध सस्थाहरु | ५० | – | |

## ११. जिल्लामा रहेको राहत सामाग्रीको विवरण :

| क.स | निकाय | कम्बल | न्यानोकपडा | त्रिपाल | विपद् व्यवस्थापन कोष |
|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | १० | – | १००० | राहतकोष १,४७,६१,५५७/- |
| २ | मेचीनगर नगरपालिका | – | – | – | ११ लाख |
| ३ | बुद्धशान्ति गाउँपालिका | – | – | – | – |
| ४ | भद्रपुर नगरपालिका | – | – | – | – |
| ५ | अर्जनधारा नगरपालिका | – | – | – | १ करोड |
| ६ | विर्तामोड नगरपालिका | – | – | – | – |
| ७ | हल्दिबारी गाउँपालिका | – | – | – | १० लाख |
| ८ | केचनकवल गाउँपालिका | – | – | – | – |
| ९ | कनकाई नगरपालिका | – | – | – | ५० लाख |
| १० | बाह्रदशी गाउँपालिका | – | – | – | २० लाख |
| ११ | झापा गाउँपालिका | – | – | – | ८ लाख |
| १२ | शिवसताक्षी नगरपालिका | – | – | – | – |
| १३ | गौरीगंज गाउँपालिका | – | – | – | २ लाख |
| १४ | कमल गाउँपालिका | – | – | २० | ७० लाख |
| १५ | दमक नगरपालिका | – | – | – | – |
| १६ | गौरादह नगरपालिका | – | – | – | १८ लाख |
| १७ | नेपाल रेडक्रस सोसाईटी शाखा र उपशाखाहरु | ४०० | – | १००० | २ लाख |
| १८ | अन्य गैर सरकारी संध सस्थाहरु | – | – | – | – |

श्रोत :(जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
झापा

सहायक प्रमुख जिल्ला अधिकारी

## १२. डिभिजन वन कार्यालय, झापाको दाउरा तयारी

| सि.नं | घाटगद्धी स्थलको नाम, ठेगाना | उपलब्ध गराउन सकिने दाउरा (चट्टा) | कैफियत |
|---|---|---|---|
| १ | दीपज्योती सा.व.उ.स., कचनकवल ७, झापा | १ (एक) | अन्य सामुदायिक वनको तथ्याङ्क प्राप्त नभएको |
| २ | शान्ती सा.व.उ.स., अर्जुनधारा २, झापा | १ (एक) | |
| ३ | अभिमुक्तेश्वर सा.व.उ.स., कचनकवल ३, झापा | १ (एक) | |
| ४ | बाँसबारी सा.व.उ.स., मेचीनगर ११, झापा | १ (एक) | |
| ५ | दुर्गाभिट्टा सा.व.उ.स., कचनकवल २,३, झापा | १ (एक) | |
| ६ | हातेमालो सा.व.उ.स., मेचीनगर १३, झापा | २ (दुई) | |
| ७ | प्रजापति सा.व.उ.स., कनकाई १, झापा | १ (एक) | |
| ८ | नमुना सा.व.उ.स., अर्जुनधारा ११, झापा | १ (एक) | |
| ९ | त्रिवेणी सा.व.उ.स.,कचनकवल ३, झापा | १ (एक) | |
| १० | पाथिभरा कालिका सा.व.उ.स., हल्दिबारी ४, झापा | १ (एक) | |
| ११ | बहुवन सा.व.उ.स. मेचीनगर ३, झापा | १ (एक) | |
| १२ | पाथिभरा सा.व.उ.स.,कचनकवल ६,७, झापा | १ (एक) | |
| | **कुल जम्मा** | **१३ (तेह्र)** | |

## १३. निकायगत भूमिका तथा जिम्मेवारी :

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ▪ समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>▪ आवश्यकता अनुसार प्रदेश तथा केन्द्रीय स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिकको लागि समन्वय) |
| २ | जिल्ला समन्वय समिति | जि.स.स प्रमुख | ▪ समन्वयात्मक कार्यमा सहयोग गर्ने<br>▪ स्रोत (आर्थिक, भौतिक, मानवियश्रोत ) परिचालनतथा समन्वय गर्ने |
| ३ | सुरक्षा निकाय | प्रमुख | ▪ सुरक्षाव्यवस्था गर्ने<br>▪ विषयगत समितिमा रहि सहयोग गर्ने |
| ५ | नेपाल रेडक्रस सोसाइटी | सभापति | ▪ खाद्य, गैर खाद्यसामागी तथा अस्थाइ आवासको ब्यवस्थापन<br>▪ सूचना सङ्कलनतथा सवर्क्षेणमा स्वयंसेवक परिचालन गर्ने<br>▪ प्रकोपको समयमा आपत्कालीन आवास तथा बन्दोबस्ती(Logistic)व्यवस्थापनमा सहयोग गर्ने |
| ६. | स्थानीय तहहरु | प्रमुख / अध्यक्ष | ▪ नेतृत्वदायी भुमिका निर्वाह गर्ने<br>▪ तथ्याङ्क संकलन र व्यवस्थापन गर्ने |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
झापा

सहायक प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| | | | ■ स्रोत (आर्थिक,भौतिक,मानविय ) परिचालन तथा समन्वय गर्ने<br>■ विषयगत क्षेत्रसंग समन्वय गरि राहतवितरण कार्यमा सहयोग गर्ने<br>■ आवश्यकताअनुसार क्षेत्रियतथा केन्द्रिय स्तरमा सहयोगको लागिपहल गर्ने |
| ७ | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | ■ विषयगत समितिमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने<br>■ सम्बन्धीत कार्यालयको आपत्कालिन योजनानिर्माण गर्ने |
| ८ | उद्योग वाणिज्य सङ्घ | अध्यक्ष | ■ न्यानो कपडा तथाकम्बलसामग्री संकलनवितरण र व्यवस्थापनमा सघाउने |
| ९ | यातायात व्यवसायी संघ तथा प्रा.लि.हरु | अध्यक्ष | ■ राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जनशक्ति उपलब्ध गराउने । |
| १० | संचार माध्यमहरु | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | ■ सही सूचना संकलनतथा सम्प्रेषण<br>■ सचेतनामूलक सुचनातथा समाचार सम्प्रषण गर्ने |
| ११ | नागरिक समाज | संयोजक | ■ राहतकार्यमा सहयोग तथा समन्वय<br>■ मानवअधिकारको संरक्षण तथा सम्वर्द्धनमा सहयोग |
| १२ | पेशागतव्यवसायी ( निर्माण व्यवसायी, काष्ठ व्यवसायी तथा जल उपभोक्ता महासंघ, समति, सामुदायिक वन समतिहरु) | अध्यक्ष | ■ राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग |
| १३ | गै.स.स.महासंघ, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | ■ मानवस्रोत परिचालन गर्ने<br>■ स्रोत संकलनमा सहयोग गर्ने<br>■ गै.स.स. वीच समन्वय<br>■ क्षमता विकास तथा सहजीकरण कार्य गर्ने |
| १४ | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र | फोकल पर्सन | ■ सुचना संकलन,समन्वय र सम्प्रेशण<br>■ स्थानीय आपतकालिन कार्यसंचालन केन्द्रहरु संग समन्वय गर्ने<br>■ सुचना व्यवस्थापन |
| १५ | स्थानिय आपतकालिन कार्य संचालन केन्द्र | फोकल पर्सन | ■ सुचना संकलन,समन्वय र सम्प्रेशण<br>■ जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रहरु संग समन्वय गर्ने |

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
झापा

सहायक प्रमुख जिल्ला अधिकारी

## १४.प्रतिकार्य विवरण :

| क.स. | कियाकलाप | कसले गर्ने | कहाँ गर्ने |
|---|---|---|---|
| १ | न्यानो कपडा संकलन | नगरपालिका तथा गाउँपालिकाहरु उद्योग वाणिज्य संघ मार्फत न्यानो कपडा व्यवस्थापन,कम्मल लगायतअन्य न्याना कपंडाहरु नेपाल रेडक्रस सोसाइटी जिल्लाशाखा तथा उपशाखाहरु | क्षेत्र अनुसार जिल्लाको विभिन्न स्थानहरुमा |
| २ | दाउरा संकलन | नगरपालिका, गाउँपालिकाहरु, जिल्लावन डिभिजन कार्यालय तथा सामुदायिक वनमहासंघ | जिल्लाको विभिन्न स्थानहरुमा |
| ३ | राहत वितरण | जिल्ला प्रशासन कार्यालय,स्थानीय विपद् जोखिम व्यवस्थापन समिति सुरक्षाकर्मी,नेपाल रेडक्रस सोसाइटी जिल्लाशाखा/उपशाखाहरुर उद्योग वाणिज्य संघहरु, | प्रभावित क्षेत्रमा |
| ४ | एम्वुलेन्स सेवा | एम्बुलेन्स संचालक संघसंस्था तथा समितिहरु | जिल्लाभरि |
| ५ | स्वास्थ्यशिविर | जिल्ला अस्पताल, स्थानीयतह अन्तर्गतका स्वास्थ्य ईकाईहरु र अन्य सेवाप्रदायक संघ सस्थाहरु | प्रभावित क्षेत्रमा |
| ६ | विपद सम्बन्धी सूचना तथा जनचेतना | जिल्ला आपत्कालीनकार्य संचालन केन्द्र, पत्रकार महासंघ, स्थानीय संचार माध्यमहरु, जलतथा मौषम फिल्ड कार्यालय | जिल्लाभरी |
| ७ | सूचना व्यवस्थापन | जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र र स्थानीय आपतकालीनकार्य संचालन केन्द्रहरु | जिल्लाभरी |

## १५ विषयगत क्षेत्रका अगुवा तथा सदस्य विवरणहरु :

| बिषयगत क्षेत्रहरु | अगुवा संस्था | सदस्यहरु | |
|---|---|---|---|
| **समन्वयतथा सूचनाव्यवस्थापन** | जिल्ला समन्वय समिति | ▪ जिल्ला प्रशासन कार्यलय<br>▪ नेपाली सेना<br>▪ नेपाल प्रहरी संधीय.,प्रदेश,नगर प्रहरी<br>▪ सशस्त्रप्रहरी वल<br>▪ नेपाल रेडक्रस सोसाइटी<br>▪ राष्ट्रिय अनुसन्धान<br>▪ खानेपानी तथा सरसफाई डिभिजन<br>▪ लुथरन विश्व फेडेरेशन | ▪ कृषिज्ञान केन्द्र कार्यालय<br>▪ स्वास्थ्य कार्यलय,झापा<br>▪ नेपाल टेलिकम<br>▪ स्थानीयएफ.एम., पत्रपत्रिका<br>▪ नेपालपत्रकार महासंघ<br>▪ सम्पूर्ण न.पा. र गा.पा. प्रमुखहरु<br>▪ प्रिन्ट तथा ईलेक्ट्रोनिक मिडिया सम्बन्धी संस्था |
| **खोज तथा उद्धार** | जिल्लाप्रशासनकार्यालय | ▪ नेपाली सेना | ▪ भवन तथा शहरी विकास कार्यालय |

सहायक प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| | | ▪ सशस्त्रप्रहरी<br>▪ नेपालप्रहरी<br>▪ नेपाल रेडक्रस सोसाइटी<br>▪ राष्ट्रिय अनुसन्धान<br>▪ जि.स.स | ▪ यान्त्रिककार्यालय<br>▪ सडक डिभिजन कार्यालय<br>▪ निर्माण व्यावसायी संघ<br>▪ स्थानीय समुदाय<br>▪ नेपाल स्काउट |
| **अस्थायी आवास तथा गैरखाद्य सामग्री** | नेपाल रेडक्रस सोसाइटी झापा शाखा | ▪ जिल्ला समन्वय समिति<br>▪ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय<br>▪ सामुदायिकवन<br>▪ गैरसरकारी संस्थाहरु<br>▪ सुरक्षानिकायहरु | ▪ साहारा नेपाल<br>▪ जिल्ला स्वास्थ्य कार्यालय<br>▪ जिल्लावनकार्यालय<br>▪ भू-संरक्षण कार्यालय<br>▪ वनउपभोक्ता महासंघ<br>▪ स्थानीय विपद् व्यवस्थापन समितिहरु<br>▪ निर्माण व्यवसायी संघ |
| **बन्दोबस्ती** | ▪ जिल्ला प्रशासन कार्यालय | ▪ जिल्ला समन्वय समिति<br>▪ नेपाली सेना<br>▪ सशस्त्रप्रहरी बल<br>▪ नेपालप्रहरी<br>▪ खानेपानीतथा सरसफाई डिभिजन कार्यालय<br>▪ नेपाल रेडक्रस सोसाइटी<br>▪ ट्रक/ ट्र्याक्टर व्यवसायीमहासंघ<br>▪ निर्माण व्यवसायी महासंघ<br>▪ स्थानीय विपद् व्यवस्थापन समितिहरु | ▪ जिल्ला बन कार्यालय<br>▪ जिल्ला भू-संरक्षण<br>▪ जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालय<br>▪ नेपाल विद्युत प्राधिकरण<br>▪ सडक डिभिजन कार्यालय<br>▪ यातायात व्यवस्था कार्यालय, मेची<br>▪ यान्त्रिक कार्यालय<br>▪ दुरसंचार प्रधिकरण<br>▪ नेपाल आयल निगम<br>▪ बस ब्यावसायी संघ |
| **स्वास्थ्य तथा पोषण, शिक्षा,खानेपानीतथा सरसफाइ, संरक्षण, कृषितथाखाद्य सामाग्री** | ▪ गाउँपालिका, नगरपालिका | ▪ नेपाल रेडक्रस सोसाइटी<br>▪ मेचीअंचल अस्पताल<br>▪ जिल्ला आयुर्बेदअस्पताल<br>▪ भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र<br>▪ औषधि व्यवसायी संघ<br>▪ खानेपानी तथा सरसफाइ कार्यालय<br>▪ सामुदायिक प्रहरी<br>▪ मानव अधिकार | ▪ नेपाली सेना<br>▪ विश्व खाद्यकार्यक्रम<br>▪ निजी अस्पताल संचालन समिति<br>▪ गै.सरकारी महासंघ<br>▪ नेपाल चिकित्सक संघ<br>▪ अपाङ्ग महासंघ<br>▪ अपाङ्ग समन्वयमञ्च |

सहायक प्रमुख जिल्ला अधिकारी

## १६. शीतलहरवाट जोखिम न्यूनिकरण गर्ने पूर्व तयारीहरु :

- ❖ जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो गरौ ।
- ❖ शीतलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नविताऔ ।
- ❖ रातको समयमान्यानो सिरक, कम्मल जस्ता ओड्ने प्रयोग गर्ने र सुत्दा शरीरका साथै अनिवाय रुपमा छाती तथा टाउको ढाक्ने प्रवन्ध मिलाउने ।
- ❖ शीतलहर चलेको समयमाआगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोवाट जोगाउने ।
- ❖ चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्तमात्रामा तातो खाने झोलिलो खाकुराहरु खाने ।
- ❖ बालबालीका,वृद्धवृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने ।
- ❖ शीतलहर चलेको बेलामा घरेलु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने गोठ अथवा टहरामै राखेर प्रर्याप्त घाँस, पराल र दानादिने ।
- ❖ चिसोको कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तउपचारको लागिजाने ।
- ❖ चिसोका कारण पशुपंक्षी विरामीभएकालाई नजिकैको पशुचिकित्सालयमा तुरुन्तै सम्पर्कगरी औषधीउपचार गर्ने ।
- ❖ कोठा भित्र आगोवाली तातो पार्दा पर्याप्त भेण्टिलेशनको व्यवस्था मिलाउने ।
- ❖ यसका अत्तिरिक्त सम्वन्धित क्षेत्रगत अगुवानिकायले प्रचार प्रसारका लागिउपयुक्त सामाग्रीहरु तयार गरी मातहतका निकायहरुलाई परिपत्र गर्ने ।
- ❖ शीतलहरको प्रभाव न्यून गर्न स्थानीय तह, स्थानीय विपद् व्यवस्थाप समितिहरुले जोखिममा रहेका विपन्न तथा गरीव परिवारहरुको पहिचान गरी जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटीको समन्वयमा पर्याप्त मात्रामा इन्धन, दाउरा तथा कम्बलहरु वितरणको लागि व्यवस्था मिलाउने ।

>समाप्त<